# महत्त्वपूर्ण शाही भाषणहरू

२०१८

हालै श्री ५ महाराजाधिराज पूर्वी तराईतर्फ
सवारी हुँदा जनताका नाममा बक्सेका सन्देशहरू

श्री ५ को सरकार

राष्ट्रिय निर्देशन मन्त्रालय

प्रचार तथा प्रसार विभाग।

1.6
C

Dut

माघ ४ गते,

## विराटनगरका जनताले चढाएको अभिनन्दन-पत्रको प्रत्युत्तरमा श्री ५ बाट बक्सेको संदेश:

उपस्थित महिला तथा सज्जनवृन्द,

यस उन्नत जिल्ला विराटनगरमा आउनु यो मेरो पहिलो पटक होइन तापनि मेरो बाँकी नेपालको भ्रमणको सिलसलामा फेरि केही दिनको निमित्त मात्र भए पनि यस जिल्लामा आई यहाँका समस्या हेर्ने ईरादाले आज यहाँका जनताहरूको बीचमा फेरि आइरहेको छु। देशका विभिन्न क्षेत्रमा आफ्नो-आफ्नो अलग्ग अलग्ग समस्या हुन्छ। यी समस्याहरूको समाधान हामीहरूले नै गर्नु परेको छ । ती समस्याहरूको समाधान ठाउँमै अध्ययन गर्दा जति सरलतासाथ हुन सक्तछ त्यति अरू उपायबाट राम्रो र निपुणतासाथ सम्पन्न हुन नसक्ने कुरा सबैलाई विदितै छ। यसैकारण समस्याको सम्झनालाई अझ बढी राम्रो छर्लङ्ग बनाउन र यहाँका बासिन्दाहरूसँग फेरि एक पटक भेटघाट गर्न आज यहाँ आएको छु।

केही वर्षअगाडि र अहिलेको यस जिल्लाको रूपमा केही फरक देखिए पनि आवश्यकभन्दा अझै कम महसूस गरेको छु। देश सबैको साझा हो भन्ने कुरालाई राम्ररी मनन गरेर आज हर क्षेत्रका जनताले आफ्नो टोल, गाउँ, जिल्ला बनाउँदै लैजान परेको छ। सबै क्षेत्रका जनताबाट मैले यही आशा पनि [गरेको छु। तैपनि दुःखको कुरा हो आजै यहीं आएर थाहा पाएँ कि हिजो मात्र एउटा मिलमा आगो लागेछ। तर जेसुकै होस् त्यो नेपालको नोक्सान भयो, नेपालीको नै नोक्सान भयो भन्नुपर्छ। यो ता कुनै तरीकाजस्तो मलाई ता लाग्दैन। यदि कसैले जानी–जानी नै यस्तो गर्दछन् भने कसैको रिसले वा आफ्नो स्वार्थ सिद्ध भएन, आफूले पावर हत्याउन पाइएन भनेर मात्र ऐस आरामले बाहिर अर्काको देशमा बसी आफ्नो देशमा भने क्षति पुऱ्याउँछ भने यो त झन् महानीचता भएको जस्तो लाग्दछ। हामी सबैको देश यही हो, जनता सामु साँचो कुरा राखौं, उचित काम गरौं। मलाई झूठ प्रचार चाहिंदैन। मलाई नेतृत्वको लोभ छैन। म ता खालि इमान्दारीसाथ देश र देशवासी सबैको फले-फूलेको देख्न चाहन्छु, दृष्टान्तको रूपमा भनूँ भने यही मिल जसमा हिजो आगो लाग्यो त्यसले मेरो ता कुनै व्यक्तिगत नोक्सान भएन, तर जसले देशमा काम गर्दथे आफ्नो

जीविका चलाउँथे तिनको नोक्सान भयो, ती मजदूरको परिवार भोका भए, र म ठान्दछु नेपालको एउटा ईंटको नोक्सान हो, एक मुठी माटोको नोक्सान हो, त्यो कसैको व्यक्तिगत संपत्तिको नोक्सान होइन, त्यो नेपालको, नेपालीको, हामी सबैको नोक्सान हो भन्ने सोचेर हामीले त भत्काउने होइन, बनाउने बेला छ–यही कुरा प्रत्येक नेपालीले ध्यानमा राखौं। यस्तो वातावरणको सिर्जना भएमा मात्र हामीहरू सबैको देश बनाउने सपना साकार हुनमा धेरै समय लाग्ने छैन।

आज सबैलाई थाहा भैसकेको होला कि हाम्रो मुलुकको अवस्था र परम्परालाई सुहाउने किसिमको प्रजातन्त्र स्थापना गर्ने सिलसिलामा राष्ट्रिय पंचायती व्यवस्थाको घोषणा भएको छ र आउँदो फागुन ७ गतेदेखि देशभर ग्राम पंचायतहरूको लागि चुनाव शुरू हुने घोषणा पनि भै सकेको छ। यो पंचायती व्यवस्थाको मुख्य उद्देश्य जनताको वास्तविक भावनानुसार मुलुकको प्रत्येक कार्य गर्नु हो। बितेको व्यवस्थामा झैं यसमा दलगतमा या व्यक्तिगत स्वार्थ-लाई अगाडि राखी देशको स्वार्थलाई वास्ता नगर्ने स्थान रहने छैन। छोटकरीमा भन्ने हो भने जन आकांक्षाको सर्वोच्चता, व्यक्तिगत स्वतन्त्रता, आर्थिक स्वतन्त्रता, कानूनी

र राजनीतिक समानता तथा समान अवसर नै यो व्यवस्थाका मुख्य तथ्यहरू मानिन्छन् । यो व्यवस्थामा संसारमा अहिलेसम्म प्रतिपादन भएका सबै राजनीतिक सिद्धान्तहरू र आफ्नै धर्म, संस्कृति र परम्पराका समेत सबै देनहरू समावेश गर्ने प्रयास भएको छ र हुनेछ । जनताले आफ्नो विवेकले समय अनुसार यसमा आवश्यक हेरफेर हुँदै जान सक्ने कुरा पनि स्वतः सिद्ध छ । यसउसले यस व्यवस्थाको सफलतामा नै हाम्रो र देशको उज्ज्वल भविष्य निर्भर छ भन्ने कुरा कसैले नबिर्सुन् भन्ने सबैमा फेरि अपील गर्दछु ।

जबसम्म हरेक जिल्ला द्रुतगतिले आफ्नो साधनको अनुरूप अगाडि बढ्दै जाँदैन तबसम्म देश प्रगतिपथमा राम्रोसँग अग्रसर भएको छ भन्न सकिन्न । सँधै आफैंले मात्र विभिन्न जिल्लाहरूको भ्रमण गर्न कठिनाई पर्ने नै भएकोले हाम्रो मुलुकको जिल्लाका पीर-मर्का र विकास कार्यको अध्ययन गर्न र साथै साधारण बाधा अडकाउ-हरूको निराकरण गर्नको लागि गत साल मात्र विशेष अधिकार सम्पन्न दौडाहा-दल खटाई काम गराएको सबैलाई विदितै भएको कुरा हो । यसपाली पनि त्यस्तो व्यवस्था जनताको माग अनुसार गरिएको छ र सबैको सहयोगले

यस पालीको दौडाहा पनि सफल हुने नै छ।

विभिन्न प्रकारको उद्योगधन्दा गर्ने कोरा माल-सामानको पनि हाम्रो मुलुकमा कमी छ भन्न हुँदैन। बरु उद्योगीहरू नै चाहिने मात्रामा भएको जस्तो लाग्दैन। जहाँतक उद्योग-धन्दा गर्ने कोरा मालसामान हामी आफ्नो मुलुकमा पाउँदछौं त उद्योगीहरू कम भए तापनि हामीले आफ्नो राष्ट्रिय भावनालाई जगाउन सकेमा सो पूर्ति गर्न कुनै खास रोकावटको कुरा आइ पर्ने छैन। हामी गर्व गर्न सक्दछौं, यो विराटनगरमा हाम्रो मुलुकको अरू भाग-हरूमाभन्दा विशेष उद्योगको विकास भएको पाउँछौं। तैपनि यो त खालि उद्योगको श्रीगणेश मात्रै हो, यसैमा हामीले सन्तुष्ट भएर पुग्दैन, किन कि अरू विकसित देशहरूको तुलनामा त यो केही पनि होइन र यसो भन्दैमा हामी निराश हुने पनि कुनै कारण छैन। अरू देशको उद्योगसित देखासिकी गरी उनीहरूको दाँजोमाभन्दा बढ्ता उन्नति गरी लैजाने प्रेरणा लिने बानी हामीले नै बसाल्नु परेको छ। मुख्यतः हामी आफैले आफैलाई चिन्नु परेको छ। मैले बराबर भन्दै आएको पनि छु, संसारका जत्तिसुकै ठूलो तथा अचम्म काम पनि हामीहरू जस्तै दुइ हात भएका मानिसबाटै भएका हुन्। हाम्रो शक्ति पनि

हामीले राम्ररी बुझ्न सकेमा यो विराटनगरमा मात्र होइन देशको अरू भागहरूमा पनि अनेकौं प्रकारका उद्योग-धन्दाहरू स्थापना गरी निकट भविष्यमा नै देशको आर्थिक स्तरलाई उठाउने बाटोमा हामी पुग्न सक्तछौं र यसरी क्रमशः जबसम्म हामी पुरानो व्यवस्था र समाजमा आर्थिक, सामाजिक र राजनीतिक परिवर्तन ल्याउन सक्तैनौं तबसम्म हाम्रो प्रगतिमा बाधा बाँकी नै रहने छ तसर्थ यो किसिमको क्रान्ति र परिवर्तन हामीहरूको निमित्त अत्यन्त अत्यावश्यक छ भन्न मलाई कर लाग्दछ । अनि यसको निमित्त सबभन्दा पहिले सरकारी प्रशासनयन्त्र र कर्मचारीको ज्यादै ठूलो जिम्मेदारी देख्दछु। तसर्थ यी महत्वपूर्ण कुराको सरकारी कर्मचारीले अवश्य मनन गरून्, यसैमा अनि जन-सहयोग गाभिने हुन्छ र यसैमा हामी सबै नेपालीको कल्याण हुनेछ—यो ध्रुव सत्य हो, किनकि अब ढ्वाँग फुक्ने जमाना छैन, झूठो बोलेर मात्र नेतृत्व हत्याउने बेला गयो । तसर्थ म जनताछेउ सदैव झैं सत्य र तथ्य कुरा मात्र सामुन्ने राखेर आफ्नो वक्तव्य टुंग्याउँछु । आजको यस समारोह सम्बन्धित सबैलाई पनि धन्यवाद छ ।

जय नेपाल ।

माघ ५ गते,

## धरानका जनताले चढाएको अभिनन्दन-पत्रको प्रत्युत्तरमा श्री ५ बाट बक्सेको संदेशः

उपस्थित महिला तथा सज्जनवृन्द,

मेरो भ्रमणको सिलसिलामा हिजै मात्र पनि भ्रमणको ध्येय र लक्षको स्पष्ट गर्दै आएको सबैलाई थाहा भएकै कुरा हो । आजसम्ममा त्यो ध्येय लक्ष कसैले नबुझेको छैन जस्तो लाग्दछ । सबै जनतासँग यथाशक्य निजी सम्पर्क राखी निजी सम्बन्ध बढाई सबैको पीरमर्का घटाउन र हटाउन सकेसम्म मद्दत गर्नु नै मेरो स्वदेश भ्रमणको एक मात्र लक्ष हो । यही ध्येयले आज फेरि यहाँका जनता-सँग भेटघाट हुँदा मलाई ज्यादै खुशी लागेको छ ।

मैले यो दोहोऱ्याउनु पर्ने कुरा होइन कि २००७ साल र २०१७ सालको जुन परिवर्तन भयो ती ऐतिहासिक हुन् । ती युगका माँग हुन्, नेपाली जन आकांक्षाको प्रतीक हो । जनताको सर्वाङ्गीण विकास र खाँचोको परिपूर्तिको लागि समय समयमा अनेक घटना घटेको विश्वको इतिहासले हामीलाई बताउँदछ । हाम्रो देशमा घटेको दशवर्षीय अन्तरका ती दुइ घटना नै ऐतिहासिक शृंखलाबद्ध छन् । यी जनभावनाका अविरल स्रोत हुन् । कुनै व्यक्ति या

दलको प्रभाव यसमा छैन। ती घटनाहरू नेपाली मात्रको सामाजिक, आर्थिक, राजनीतिक तथा आध्यात्मिक गतिविधिको एक विशिष्ट रूप हो। यही नेपाली भावनाको गतिविधिलाई प्रवाहको रूपमा सबैको कल्याणको लागि बास पाउने गर्न राष्ट्रिय पंचायतको व्यवस्था गरिएको कुरा मेरो बखत-बखतको भाषणबाट स्पष्ट भइसकेकै छ। सबैले बुझिसकेकै छ कि राष्ट्रिय पंचायतमा मानवीय अधिकार र सामाजिक न्यायको सैद्धान्तिक रूपमा मात्र मान्यता हुने होइन कि व्यबहारमा पनि व्यवस्थित रूपले सदा कायम गर्ने भरमगदुर प्रयास र काम कारवाई हुन्छ। यसको प्राप्ती नै राष्ट्रिय पंचायतको लच्य छ। राष्ट्रिय पंचायतमा गाउँ, जिल्ला, नगर तथा अंचल-पंचायतको व्यवस्था गरिएको छ। त्यसमा सबै नागरिकहरू जागरूकताका साथ आफ्नो स्थान या व्यक्तिगत या सामुहिक खाँचो कमीको महसूस गरी त्यसको पूर्तिको लागि हरदम सहृदय प्रयास गरी रहून्। पहिलेको व्यवस्थामा जस्तै एक पटक भोट खसालेपछि ५ वर्ष सम्मको जिम्मेदारी बिसाइयो भन्ने होइन। यो व्यवस्थामा हरदिन जिम्मेदारी महसूस गरी सामुहिक भलाइको लागि काम गरिरहनुछ। यही कुरालाई राम्ररी मनन गरी आउँदो फागुन ७ गतेदेखि सजग रही दिन-दिनको राष्ट्र र देशवासीप्रति

आफ्नो जिम्मेदारी पूरा गर्दै जानेछ भन्ने मेरो विश्वास छ । गाउँ, जिल्ला आफ्नै हो, देश सबैको हो । यसलाई बनाउनु, सपार्नु, सबैको साजा काम हो । यसमा लगनशीलताकासाथ काम गर्दै जानेछन् भन्ने मलाई दृढ-विश्वास छ ।

अब भ्रष्ट व्यवस्थाको ठाउँमा कुनै नयाँ व्यवस्थाको सँस्थापन देशमा हुन शुरू भइरहेको छ । यस बखत त्यस्ता भ्रष्टाचारीहरूबाट अनेक अनिष्ट, बिघ्न-बाधाहरू देखा पर्नु स्वभाविक कुरा हो । जर्जर भएका व्यवस्थाबाट फायदा उठाइरहेका व्यक्ति या दलबाट शक्तिभरको बिरोध हुनु कुनै आश्चर्यको कुरा छैन । यो हो उनीहरूको स्वार्थ । यदि जनताले आफ्नो सच्चा स्वार्थमा बेवास्ता गरिरहे भने देश कहिल्यै उँभो लाग्दैन । केही देशद्रोही तत्वहरु विदेशी माटोको आडमा आफ्नो मातृभूमि नेपाललाई अशान्तिको कुचक्रमा पारी स्वार्थसिद्ध गर्न तम्सेका छन् । शान्तिप्रिय नेपाली नागरिकहरुले यस्ता तत्व जसले नेपाली मात्रको पसीना, मेहनत एकलौटी पारी विदेशमा थुपार्ने ध्वंसात्मक तत्वलाई साफ साफ चिनिसकेका छन् । एक शताब्दी र अझ दश वर्षसम्ममा पनि आफ्नो स्वार्थसिद्ध गर्ने सिबाय ती तत्वबाट अरु केही भएन । यिनीहरूले जनहित-

लाई पन्छाए । देशहितलाई पन्छाउन बाँकी राखेनन् । हाम्रो राष्ट्रिय पंचायत प्रजातन्त्रको लक्ष हासिल गर्नमा जुटेका नेपाली मात्रले यी तत्वलाई कुचोले पन्छाए जस्तै पन्छाउने छन् । वीर नेपालीहरु आफ्नो निर्दिष्ट पथबाट हट्ने जाति होइन । यिनीहरुमा दोमन छैन, एकै मन एकै ध्येय छ । मलाई लाग्दछ कि विभिन्न वेशभूषाका हामी सबै नेपाली मिली आफ्नो भाग्य आफैले निर्णय गर्ने सर्वशक्तिशाली साधन सम्झी फलाउने फूलाउने छौं । यसलाई कार्यान्वित गर्दा केही सानातिना त्रुटि देखिए पनि आपसमा सर-सल्लाह गरी ती त्रुटिहरु हटाउन हामी अवश्य सफल हुनेछौं र नेपाली मात्रको सहयोगले यो अवश्य सफल हुनेछ, यो मलाई विश्वास छ ।

सन्तोषको कुरा यही छ कि जहाँ गए पनि जनतालाई देशहितको लागि यथेष्ट मात्रामा जागरुक र लगनशील पायौं । पूर्व-पश्चिम राजमार्गको लागि जुन आव्हान मैले गरें, त्यसको सबैले आफ्नो हृदयमा दृढ रुपले धारण गरी उत्साहका साथ सकेको योगदान दिई सफल गर्ने तरखरमा छन् । शान्तिप्रिय सीधासाधा जनता देश बनाउने काममा हरदम तत्पर छन्, खालि सरकारबाट साधनहरु जुटाइदिनु परेको छ । यस दिशातर्फ पनि मित्र राष्ट्रहरु खुला दिलले

सकेको मद्दत दिन तयार छन् । यसउसले मलाई पूर्ण विश्वास छ, देश बनाउने काम सुचारु रुपले सुसम्पन्न हुनेछ । सबैको ठोस सहयोग अवश्य देशले पाउनेछ ।

अन्तमा आजको समारोहमा मेहनत गर्ने सबैलाई धन्यवाद छ ।

जय नेपाल ।

माघ ६ गते,

## रंगेलीका जनताले चढाएको अभिनन्दन-पत्रको प्रत्युत्तरमा श्री ५ बाट बक्सेको सन्देशः

उपस्थित महिला तथा सज्जनवृन्द,

करीब ६ वर्षदेखि थालेको मेरो देश भ्रमणको सिलसिलामा यस ठाउँमा आज फेरि अर्को पटक आइपुगेको छु । यस पटक पनि जनतासित सम्पर्क राख्ने उद्देश्यको साथ आएको छु ।

हाम्रो पिछडिएको देशको यो जिल्ला करीब २५।३० वर्ष अघिदेखि उन्नतिको मार्गमा लागेकोछ । नेपालमा कुन जिल्ला उन्नत छ भनी औंल्याएर देखाउनु छ भने यही जिल्ला छ । तर उद्योगको गतिविधिले यो क्षेत्र जति उन्नत हुनु पर्ने हो त्यो भएको अझै यहाँ पाइन्न । यसलाई जुन गतिले सपार्नु पर्ने हो त्यो गर्न कामदार, मजदूर पूंजीपतिहरु सबैको इमान्दारी र देशप्रेम अत्यावश्यक छ । गरुँ, सपारुँ भन्ने भावना सबैमा हुनु जरुरी छ, अनि मात्र यो क्षेत्र अझ सप्रने छ, देश उँभो

लाग्नेछ र हामी बन्नेछौं । यही हो उन्नतिको मूलमन्त्र पनि । यस सिलसिलामा देशको चौतर्फी प्रगतिको लागि अत्यावश्यक छ भनी सबैले बुझेको पूर्व मेचिदेखि पश्चिम महाकालीसम्म जोडने बाटोको निर्माणको लागि मैले सबै देशबासीहरुमा आव्हान गरेको छु। यस आव्हानको देशका विभिन्न भागका विभिन्न तहका जनताबाट स्वागत भई सहयोग भैरहेको देख्दा सुन्दा सबैलाई खुशी लाग्नु स्वाभाविकै छ । मलाई विश्वास छ यस मोरंग जिल्ला र यस रंगेली प्रदेशका जनताबाट पनि यो मार्गको निर्माणको लागि यथाशक्य धन र श्रमको सहायता प्राप्त भई व्यापार लगायत सबै क्षेत्रमा मुलुकको प्रगति सहज हुन जानेछ ।

यसरी नै मलाई पूर्ण विश्वास छ, देशमा चालू हुने भएको जनभावनाकै बोलबाला हुने पञ्चायती प्रजातन्त्र व्यवस्थाको लागि पनि यहाँका सबै जनताबाट बढी से बढी सहयोग प्राप्त हुनेछ ; किनकि जनताले आफ्नो भाग्यको निर्णय गर्ने काम कुनै राजनीतिक या सामाजिक दल विशेषलाई सुम्पने बेला अब छैन र जनताले अब आफ्नो भाग्यको निर्णय आफैले गर्न सिक्ने बेला आएको छ ।

मैले आज यहाँ भेला भएका सबैको अगाडि यो भन्नु पर्दा दुःख लागेको छ कि केही क्षुब्ध तत्वहरुले देशमा

प्रजातन्त्र गयो, देश बिक्यो, सुख-समृद्धि बिलायो भनी विदेशका माटोमा टेकी आवाज उठाइरहेका छन्। बखत-बखतमा यो गरे त्यो गरे भनी विदेशी पत्रपत्रिकामा झूठो प्रचार फुकिरहेछन्। यो सबैले विचार गर्नु पर्ने हो कि प्रजातन्त्र हाम्रो लागि हामी आफैले बनाउनुछ, विदेशीले ल्याइदिएको कुनै तन्त्र त अरुले चपाएको खानेकुरो खानु जस्तै हुनेछ। त्यस्तो तन्त्रमा कुनै महत्व हुँदैन, देशको उन्नति हुँदैन, न जनताको भलाइ हुन्छ। हाम्रो निमित्त हामीले नै काम गर्नु पर्छ। आजको यस शुभ घडीमा मेरो यही अपील छ कि सबै जनता मिलीजुली आफ्नो उन्नतिको निमित्त कडा परिश्रम गर्नेछन् र कसैको हाहामा जानुभन्दा पहिले ठीक-बेठीक के हो सोची विचार गरेर मात्र काम गर्नेछन्। यसमा नै सबैको कल्याण छ, यसरी नै देशको उन्नति हुनेछ।

आज यसरी भेला भई आफ्नो सुख दुःखको कुरा गरी यस किसिमको हातेमालो गरी रमाउन पाउँदा मलाई खुशी लागेको छ। यसरी रमाइलो जमघटको लागि मेहनत गर्ने सबैलाई मेरो हार्दिक धन्यवाद छ। यसरी भेला भई सक्नेले नसक्नेलाई सकेको मद्दत सहयोग दिंदै जाने बानी नेपाली मात्रमा श्रीपशुपतिनाथले सदा जागा राखिदेउन्।

जय नेपाल

माघ ६ गते,

**गौरी गंज (झापा) को स्वागत समारोहमा अभिनन्दनको प्रत्युत्तरमा बक्सेको भाषण:**

उपस्थित महिला तथा सज्जनवृन्द,

केही वर्ष अघिदेखि शुरू गरीएको स्वदेश–भ्रमणको सिलसिलमा पहिलो पटक आज हामी यस गौरीगंज भेगमा आइपुगेका छौं। स्वच्छ दिल भएका यस भेगका नेपाली जनतासंगको यस्तो भेटघाटले हामीलाई खुशी लाग्नु स्वाभाविक छ। जनताको सुख दुःख बुझ्ने मौका खोज्नु र त्यसको समाधान गर्नु हरेक जिम्मेदार व्यक्तिको कर्तव्य हो। जिम्मेदारी अति गहन विषय छ। गरीब पाटीमा सुत्नेको पनि जिम्मेदारी हुन्छ। उसले पनि यो गर्नु हुन्छ यो गर्नु हुन्न भन्ने सोचेको हुन्छ। उसमा पनि केही गरूं भन्ने भावना हुन्छ। तर साधनविहीन भएकोले केही गर्न

त्यो सक्तैन। त्यसैले आफ्नो हातमा साधन भएका व्यक्तिले त्यसको सदुपयोग गरी आफ्नो जिम्मेदारी निभाउनु पर्छ। हरेक काम गर्दा सानो ठूलो किन नहोस्– यो गर्नु हुने नहुने सबै महसूस गरेर गर्ने बानी गरेमा नै देशको उन्नति हुनेछ र नेपालीको गौरव रहनेछ। मलाई लागेको छ कि यहां जनताले आफ्नो कर्तव्य र जिम्मेदारीलाई राम्ररी बुझी देशोन्नतिका लागि दिलोज्यान दिइरहेकै होलान् पनि। अतः मलाई विश्वास छ, हाम्रो देशको यो भेग शीघ्रै उन्नत भई अरू भागलाई दृष्टान्त स्वरुप हुन सक्नेछ।

बखत बखतको यस किसिमका भेटघाटले विभिन्न भाषा भाषी र विभिन्न वेश भूषाका जनतामा एकताको भावना कायम गर्न र यहांका जनताका समस्याहरू सुल्झाउनमा समेत धेरै मद्दत हुनेछ, जुन मेरो यस भ्रमणको मुख्य उद्देश्य पनि हो।

मेरो आज र भोलि यस जिल्लामा बस्नु छ। तसर्थ जिल्लाको हेडक्वाटरमा पनि फेरि बोल्नेछु।

अन्तमा यहां भेला भएका र यो समारोहको आयोजना गर्ने सबैलाई धन्यवाद दिन्छु।

जय नेपाल।

माघ ७ गते,

## अनारमनी ( झापा ) का जनताले चढाएको अभिनन्दन–पत्रको प्रत्युत्तरमा श्री ५ बाट बक्सेको सन्देशः

उपस्थिति महिला तथा सज्जनवृन्द,

हिजो मात्र यस जिल्लामा पहिलो पटक आई यहाँका जनताको सुख-दुःख पीर-मर्काको कुरा बुझ्ने मौका पाएकोमा मलाई खुशी लागेको छ । तर यस जिल्लामा जाली फटाहाहरुको दबदबा छ भन्ने सुन्दा मलाई दुःख पनि लाग्यो । यस जमानामा पनि जाने बुझेका धनी मानिसबाट सीधासाधा जनताको शोषण हुनु अत्यन्त खेदको कुरा हो । यस्ता शोषक तत्वहरुलाई म फेरि भन्न चाहन्छु कि जनताको शोषण कार्यलाई निर्मूल पारुन् । तसर्थ यी तत्वहरुले बेलैमा आफूलाई सम्हालुन्, किनकि सरकारले वाध्य भै कडा कदम लिन नपरोस् ।

परमपूज्य श्री ५ बुबाज्यू र जनताको सहयोगबाट २००७ सालमा हाम्रो देशमा आएको प्रजातन्त्रको अमृत फल धनी गरीब, ठूला साना सबैले समान रुपले भोग्न पाउन् भन्ने हेतुले नै सकेसम्म सबै कुराको मनन गरी हाम्रो मुलुकमा पञ्चायत व्यवस्थाको शुरुआत हुने भएको हो। यो व्यवस्था के-कस्तो हो किन कसरी आवश्यक भयो, यसबारे सबैले राम्ररी विचार गरी सबैको भलाइको लागि यसलाई फलाउन-फुलाउन दत्तचित्त हुनेछन् भन्ने मलाई विश्वास छ।

अझै केही अराष्ट्रिय तत्वहरुले विदेशबाट व्यर्थमा तर्साउने तरीका अपनाई आवाज उठाउने प्रयास गर्दैछन्। यी तत्वहरुले आजको १ वर्ष भन्दाअघि जनतामा कति गोलमाल गरे, कस्तो अव्यवस्था, धांधली भयो, त्यो जनताले बिर्सेका छैनन् र बदलामा सबै जनताको सहयोगबाट सबै ठाउंमा सद्भावना, सेवाभावना, देशलाई कसरी उँभो लाने भन्ने विचार जहाँतही व्याप्त भएको आज हामी पाउँछौं। यो देशोन्नतिको अचूक लक्षण हो। यसैमा हामी सबैको कल्याण पनि छ। तसर्थ अराष्ट्रिय तत्वहरुदेखि सचेत रहनु मात्र आवश्यक छ। हाम्रो प्रगतिपथको यात्रा अब कसैले रोकेर कदापि रोकिने छैन। बरु यस्ता तत्वहरुबाट आफ्नो देशको शान्ति

सुरक्षा बचाउने काम खास गरी यहाँका स्थानीय जनताकै हो र अनि हामी सबै नेपालीको हो । यो सबैले राम्ररी बुझून् ।

यस घडी मेरो यो पनि भन्नु छ कि भ्रष्टाचार, अत्याचारलाई हामीले कुनै हालतमा बढ्ने मौका दिनु हुँदैन । हुन त एक जनाले यो हटाउन साह्रै गाह्रो पर्ला, कसैले भ्रष्टाचारको शिकार बनाउन खोज्यो भने त्यस्तो अवस्थामा भ्रष्टाचार गर्न खोज्ने व्यक्तिलाई सजाय दिन दिलाउन पनि संयुक्त प्रयास अवश्य हुन पर्दछ । तर यो कुनै असम्भव कुरा पनि होइन । अब जनताले सरकारले आफ्नो लागि के-कति गर्नेछ भन्ने मात्र होइन आफूले देशको लागि के-कति गर्ने अठोट गरेको छ सो पनि सोच्नु परेको छ । परस्पर बाझी रह्यौं भने हामीले गर्न सक्ने काम पनि गर्न सक्ने छैनौं । परस्पर मिलेर गर्‍यौं भने देश हितको लागि हामीले गर्न नसक्ने काम केही हुने छैन । यो तथ्य सबैले राम्रो बुझून् ।

अन्तमा यहाँका देशप्रेमी सीधासाधा जनताबाट यहाँ देखाएको उत्साह र यस सभाको आयोजनाको लागि सबैलाई यथोचित धन्यवाद दिन्छु ।

जय नेपाल ।

माघ ७ गते,

## चन्द्रगढी (झापा) मा आयोजित भव्य स्वागत समारोहमा जनताद्वारा चढाइएका अभिनन्दनपत्रहरूको प्रत्युत्तरमा श्री ५ बाट बक्सेको भाषण;

उपस्थित महिला तथा सज्जनबृन्द,

सर्वप्रथम आज यस झापा जिल्लाको केन्द्रका जनताका बीचमा आई केही बोल्न पाउँदा मलाई खुशी लागेको छ।

आजको युगमा हामी सबै मिली हाम्रो देशलाई सभ्य मुलुकहरुको दाँजोमा सकभर चाँडि पुऱ्याउनु परेको छ। त्यसैले हामीहरु मिलीजुली पसिना काढी काम गर्नु पर्ने बेला छ। आज नेपालमा कुराभन्दा कामको बढी माग छ। हामीहरु सबैले नचाहिंदो होहल्लामा हाम्रो समय खेर फाल्ने बेला छैन। त्यसको बिचार गरी देशलाई उँभो लगाउने बाटोतिर ध्यान दिनु परेको छ।

गत वर्ष पौष महीनामा देशमा एउटा परिवर्तन आयो । त्यो विनाकारण आएको छैन, आवश्यकता परेर नै आएको हो । त्यस बेला देशमा एउटा ज्यादै असजिलो स्थितिमा जनता थिए, जसबाट राष्ट्रको भविष्य नै अन्धकारमय देखिएको थियो र मैले पनि आफ्नो जिम्मेदारी पूरा गर्न ज्यादै जरुरी भएकोले त्यस्तो परिस्थितिलाई समाप्त पार्नु पर्‍यो । यो समस्त देशभक्त नेपालीले पनि बुझिसके । नेपालीले यो कुरा अवश्य बुझेको हुनुपर्छ, त्यस्तो परिस्थिति एक दिनमै उत्पन्न भएको थिएन, न त मैले नै एक्कै पटक त्यस्तो कदम उठाएको थिएँ । गलत बाटोमा लम्कन थालेकालाई सुमार्गमा आई देशसेवा गर्ने चेतावनी मैले बराबर दिंदा पनि कति सुधार हुन नसकेकोले नै मैले देश र जनताको हितलाई ध्यानमा राखी उक्त कदम उठाउनु परेको थियो ।

यस परिवर्तनपछि जे जति कार्य गर्न सकियो त्यो अझै कमै छ तापनि त्यसबाट नेपालीको भविष्य उज्ज्वल छ भन्न अवश्य सकिन्छ । हर क्षेत्रमा रहेको अव्यवस्था र भ्रष्टाचारलाई सहयोगबाट धेरै हदसम्म हटाउन सकिएको छ । यसलाई अवश्य प्रगतिको लक्षण

भन्नु पर्छ । बढ्दो जनसहयोगबाट देशमा बाँकी रहेका अव्यवस्था र भ्रष्टाचारलाई निर्मूल पार्न पनि अब धेरै समय लाग्ने छैन भन्ने मलाई लागेको छ ।

तर आशावादी भएर मात्र पुग्दैन । तदनुसारको काम पनि गर्नु पर्दछ । अहिले हाम्रो मुलुकको प्रगतिमा सबभन्दा ठूलो तगारो बाटोघाटोको कठिनाइ नै हो । यो सबैले बुझेकै छन् । यसउसले मैले पूर्व–पश्चिम राजमार्गको निर्माणको लागि नेपाली मात्रमा आव्हान गरेको छु । खुशीको कुरा हो कि देशका कुनाकाप्चाबाट यसको निमित्त सहयोग प्राप्त भैरहेको छ । यो बाटो बनेपछि हामी देशभर फिंजिएका नेपालीलाई परस्पर मिलजुल गर्न एकले अर्कोलाई सघाउन र अन्न, व्यापार शिक्षा आदि विषयका सबै समस्याहरु सुल्झाउन धेरै सहायता मिल्नेछ । यस जिल्लाका विभिन्न तहका जनताबाट पनि यथाशक्य सहायता प्राप्त गरी यो राजमार्ग हाम्रो चौतर्फी उन्नतिकै राजमार्ग सिद्ध हुनेछ भन्नेबारे मलाई कत्ति सन्देह छैन ।

त्यस्तै देशमा गत २००७ सालमा श्री ५ बुबाज्यू र जनताकै सहयोगले आएको प्रजातन्त्रको सच्चा फल जनताले पाऊन्, कुनै राजनीतिक दलले प्रजातन्त्रको

नाममा जनतालाईं दुःख दिन नपाऊन् भन्ने हेतुले नै हाल हाम्रो मुलुकमा हाम्रो माटो, परंपरा र संस्कृतिलाई सुहाउने हुनुको साथै बदलिएको जमानालाई समेत सुहाउने पञ्चायती व्यवस्थाको तर्जुमा भएको छ। आउँदो फागुन ७ गतेदेखि मुलुकभर ग्राम-पञ्चायतहरुको लागि चुनाव पनि शुरु हुँदैछ । जनताको इच्छालाई पूरा गर्नु, उनीहरुको गरीबीलाई निर्मूल पार्नु, आर्थिक स्थिति सुधार्नु, उनीहरुको राजनीतिक र सामाजिक अधिकारलाई सुरक्षित गर्नु, उनीहरुमा परस्पर मेलमिलाप, सहायता र सरसल्लाहको बानी कायम गर्नु, धनी गरीब सबैका छोराछोरीको शिक्षा-दीक्षाको राम्रो बन्दोबस्त गर्नु, कुनै राजनीतिक या सामाजिक दल वा व्यक्तिद्वारा उनीहरुको कुनै प्रकारको शोषण हुन नदिनु, शासनको प्रत्येक कार्य उनीहरुकै स्वच्छ इच्छानुसार संपन्न गर्नु, शक्तिको विकेन्द्रीकरण गर्नु नै पञ्चायत पद्धतिका मुख्य उद्देश्यहरु हुन् । यस-उसले मलाई पूर्ण विश्वास छ कि यस झापा जिल्लाका जनताले पनि आफ्ना मौलिक अधिकार र मौलिक कर्तव्य-लाई राम्ररी बुझी एवं राष्ट्रिय एकता नै उन्नतिको मूल मन्त्र हो भन्ने संझी यस पञ्चायत व्यवस्थाको सफलताको लागि केही कसर बाँकी राख्ने छैन ।

देशमा बलियो आधारमा एउटा व्यवस्था बन्न लागेको र त्यसबाट आफ्नो स्वार्थमा धक्का पर्ने देखेर देश बाहिरबाट नाना किसिमले जनतालाई दुःख दिने काम भरहेको पनि मैले सुनेको छु। आज नेपाली मात्रले एक साथ प्रगतिपथमा लम्कने समयमा कोही देश-द्रोहीहरुले यस प्रकार आफ्नो भएको शक्ति र धनको बरबादी गर्दछन् भने उनीहरुप्रति देशप्रेमी नेपालीले घृणा देखाउनु सिवाय केही गर्न सक्दैन । राष्ट्रहितको निम्ति जुनसुकै कार्य गर्न पनि आज देशभित्र कुनै प्रकारको रोकतोक छैन । राष्ट्रहितको नाउँमा होहल्ला मचाउने र काम गर्नेभन्दा त्यसमा बाधा हाल्नेहरुलाई भने यो निर्माणको समयमा कुनै स्थान छैन। यसउसले नबुझेकालाई बुझाई बिग्रेकालाई सपारी नबुझ्ने वा बुझ्न नचाहने देशघातक तत्वहरुलाई उचित दण्ड दिनु दिलाउनु पनि सबै देशप्रेमीहरुको एक मौलिक कर्तव्य भएको छ ।

आज यहाँका जनतासित दिल खोली केही भन्न पाउँदा मलाई खुशी लागेको छ र साथै यस समारोहका आयोजक सबैलाई मेरो यथोचित धन्यवाद छ ।

जय नेपाल ।

माघ ८ गते,

शनिश्चरे-बजार (झापा) मा स्थानीय हाईस्कूल भवनको उद्‌घाटन गरिबक्सेपछि जनताले चढाएको अभिनन्दन-पत्रको प्रत्युत्तरमा श्री ५ बाट बक्सेको संदेशः

उपस्थित महिला तथा सज्जनबृन्द

हिजो मात्र यस जिल्लामा आएर अहिले हाम्रो के स्थिति छ, हाम्रो कर्तव्य के हो, हामीले के कति गर्नु पर्दछ इत्यादि कुरा सबैलाई भनिसकेकै छु। आज यस शनिश्चरे–बजारमा आएर यस मेलाको सामु यस स्कूलको उद्‌घाटन गर्न पाउँदा र यहाँका जनतासँग भेटघाट हुँदा मलाई खुशी लागेको छ। आज १० वर्षदेखि हाम्रो मुलुकमा कुनै कुराको प्रगति भएको छ भने त्यो शिक्षाकै क्षेत्रमा प्रगति भएको छ भन्न सकिन्छ। तर त्यसको साथै मलाई लाग्छ, शिक्षा हासिल गर्नु माने हामी सबै नेपालीले क. ख. अथवा ए. बी. सी. मात्र सिक्नु होइन। हामीले आफ्नू नैतिक सुधार सिक्नु पर्दछ र शिक्षाको लक्ष्य हामीले त्यसलाई सम्झेर काम गर्नु पर्दछ।

जय नेपाल।

माघ ९ गते,

जनकपुरको रंगभूमी–मैदानमा आयोजित स्वागत समारोहमा जनताद्वारा चढाइएका अभिनन्दन पत्रहरूको प्रत्युत्तरमा श्री ५ बाट बक्सेको भाषणः

उपस्थित महिला तथा सज्जनवृन्द,

आज यस पवित्र पुण्यभूमि सीताको जन्मस्थानमा आई यहाँका जनतासित भेट गर्न पाउँदा हर्ष लागेको छ । राजा जनक र सीताले विश्वको अगाडि राखी गएको आदर्शलाई अंगाली जनताको सेवा गर्दै जानु हामी सबै नेपालीको परम कर्तव्य छ भन्ने कुरा यहाँको हावा-पानीले हामीलाई सम्झना गराउँछ । मलाई लाग्दछ जमाना बदलिन्छ, परिस्थितिको हेरफेर हुन्छ, तर आदर्श सदा आदर्श नै रहन्छ।

तर यस्तो शान्त र पवित्र स्थानमा गरीबी र अनेक कष्ट देखा पर्नु साह्रै असंगत कुरा हो । तसर्थ हामीले पुनीत आदर्शलाई अंगाली सबैको भलाइ नै आफ्नो

भलाइ भनी इमान्दारीसाथ काम गर्दै गएमा मात्र हामी नेपाली सबै यस्ता कष्टहरुबाट पार हुन्छौं । यसमा मेरो दृढ विश्वास छ र सबै देशभक्त नेपालीबाट पनि यसमा सहयोग पाउने नै छु ।

दुःखको कुरो छ, मुलुकको यस्तो अवस्थामा विदेशिएका केही व्यक्तिहरुले शान्तिलाई खलल पारी नचाहिंदो गोलमाल गर्ने र जनतालाई दुःख दिने चेष्टा गर्दैछन् । यस्तो कुभावनाले देश कहिल्यै बन्दैन। देश सबैको हो। मिलीजुली काम गरे मात्र देश बन्दछ । मलाई पूरा विश्वास छ, सबै नेपाली एक भई देश बनाउन अघि बढ्नेछन् । किनकि हामीले गरे नसक्ने केही छैन । केवल एकता र जाँगरको आवश्यकता छ । हाम्रो भविष्य सुन्दर छ, हामी नेपाली देशभक्त छौं, मुलुकको लागि मरिमेट्न जान्दछौं । यो सबैले बुझेकै छन् र अझै राम्ररी बुझ्न बुझाऊन् यही मेरो आज सबैमा आव्हान छ।

आज मलाई यहाँ यत्ति नै भन्नु छ । यहाँ मेला भएका र यस सभाका आयोजकहरु सबैलाई हार्दिक धन्यवाद दिन्छु ।

जय नेपाल ।

माघ १० गते,

## जलेश्वरमा विशाल स्वागत समारोहमा स्थानीय जनताद्वारा चढाइएका अभिनन्दन-पत्रहरूको प्रत्युत्तरमा श्री ५ बाट बक्सेको भाषणः

उपस्थित महिला तथा सज्जनवृन्द,

केही वर्ष अघिदेखि जनतासंग बढ्दो निजी सम्बन्ध र सम्पर्क कायम गर्ने उद्देश्यले थालिएको हाम्रो स्वदेश भ्रमणको सिलसिलामा आज यस ठाउँमा आई यहाँका जनतासँग यसरी भेटघाट गर्ने अवसर पाएकोमा मलाई बहुतै खुशी लागेको छ । समयको कमीले सर्लाहीतर्फ जान नसके पनि उहाँका प्रतिनिधिहरु समेत यहीं आई केही हदसम्म उहाँका जनतासँग पनि निजी सम्पर्क राख्ने अवसर प्राप्त भएकोमा मलाई हर्ष लागेको छ।

मेरो भ्रमणमा विभिन्न भागमा अनेक कुराको नपुग अनुभव गरें । तर जहाँ पनि जनतालाई अत्यन्त सहयोगी पाएँ । मलाई लाग्दछ, यही नै हाम्रो देशका जनताको

सबभन्दा किमती सम्पति पनि हो । तर जनताको यस्तो भोलाभालापनबाट जाली फटाहा र छट्टहरुले अनुचित फाइदा उठाएको पाइन्छ । यो सारै दुःखको कुरा छ। यस्ता व्यक्तिहरुबाट जनता सतर्क हुनु पर्दछ र सरकार-बाट यस्ता व्यक्तिहरुलाई निर्मूल पार्न यथाशक्य प्रयत्न पनि हुनेछ।

मैले यहाँ जनाइ रहनु पर्ने कुरा होइन कि गत दश वर्षमा जति उन्नति हुनु पर्ने हो, त्यसको सारै कम मात्रामा उन्नति हुन सक्यो। मुख्यतः हाम्रो आर्थिक अवस्थामा कुनै सुधार हुन सकेन। यी सब कुरालाई ध्यानमा राखी हाल हाम्रो मुलुकको अवस्था एवं हाम्रो धर्म, संस्कृति र परम्परालाई सुहाउने तथा जनताको आकांक्षालाई नै सर्वोपरि मानी तर्जुमा गरिएको सम-यानुकूल पञ्चायती व्यवस्था चाँडै चालू हुँदैछ र आगामी फागुन ७ गतेदेखि मुलुकभर ग्राम–पञ्चायत-हरुको लागि चुनाउ हुने भएको छ। २००७ साल-अगाडि र त्यसपछिको पार्टी राजनीतिक व्यवस्थामा अनेक दुःख र त्रास भोगिसकेका जनताको माग अनुसार यो व्यवस्था प्रस्तुत भएकोले एवं जनताले अब कुनै दलको होहल्लामा नलागी आफ्नो कल्याण आफैले मिलीजुली

गर्ने बेला भएकोले यस व्यवस्थालाई सफल पार्न जनताले केही कसर बाँकी राख्ने छैन भनी मलाई पूर्ण विश्वास छ ।

यसै सिलसिलामा मुलुकको आर्थिक,शैक्षिक इत्यादि सबै क्षेत्रमा युग अनुकूल प्रगति ल्याउन एक त्रि–वर्षीय योजना पनि केही दिनमै जनतासमक्ष आउने नै छ। यसउपर राम्ररी बिचार गरी सबैले यसलाई कार्यान्वित गर्न यथाशक्य सहयोग गरेमा हाम्रो गरीबी, अशिक्षा, बाँध–पैन र अरू सबै पीर–मर्का चाँडै नै हटाउन अवश्य मद्दत हुने छ । केवल एकता, आत्मविश्वास, उच्चनैतिकता र परिश्रमको आवश्यकता छ । यो भएमा हाम्रा महान् पूर्वज यानी राजा जनक र आदर्श नारी सीताको समयको समृद्धिको, तर युग सुहाउँदो, संस्मरण सबैको अगाडि भव्य रुपमा प्रस्तुत गर्न हामीलाई कत्ति गाह्रो पर्ने छैन।

यस सिलसिलामा केही देशद्रोही तत्वहरूले विदेशमा बसी यहाँका धार्मिक जनताको सीधासाधा स्वभावबाट समेत अनुचित फाइदा उठाई यस जिल्लामा ध्वंसात्मक कार्यहरु गर्न लागेकोतर्फ म यहाँ भएका सरकारी गैरसरकारी सबै नेपालीहरुको ध्यान आकर्षित गर्न चाहन्छु। हिजै

मात्र पनि यी देशद्रोही तत्वहरुकै एक प्रतिनिधिले म बसेको गाडीमा एक विस्फोटक पदार्थ फ्याँकेर देशभक्त वीर नेपालीहरुलाई झुक्याउने कुचेष्टा गरेको थियो । यो कुनै आश्चर्यको कुरा होइन । जुनसुकै देशमा पनि देश प्रगति-तर्फ लम्कन खोज्दा आफ्नो स्वार्थमा बाधा पर्दा देशद्रोही तत्वहरुबाट यस्तो कार्य समय समयमा भइआएकै छ । तर हामी सजग रही एक भई काम गर्दै गयौं भने ती तत्वहरु स्वयं लाचार भई चकनाचूर हुनेछन्, यसमा केही सन्देह छैन । यी तत्वहरु र यिनका समर्थकहरु-प्रति कडा से कडा कारवाई गर्न एवं जनताको ज्यू-धनको सुरक्षा गर्न सरकारले केही कसर बाँकी राख्ने छैन । यस्ता तत्वहरुले अर्काको जन्मभूमिमा बसी आफ्नो जन्म-भूमिलाई बिगार्ने चेष्टा गरेर हाम्रो नेपाल कदापि बिग्रन सक्तैन । यो २००७ सालको नेपाल होइन, यो २०१८ सालको नेपाल हो ।

म फेरि दोहोर्‍याएर भन्न चाहन्छु कि यस युग, स्वयं हाम्रो धर्म र संस्कृतिलाई सुहाउने गरी देशबाट गरीबी अन्याय र अज्ञानलाई निर्मूल पारी देशमा आर्थिक प्रगति गर्ने मेरो दृढ निश्चय छ । यस्तो कार्य गर्दा जतिसुकै विघ्नबाधा परे पनि म कदापि पछि हट्ने

छैन । वीरता, अनुशासन र देशभक्तिको लागि संसारभरमा अजय कीर्ति पाएको नेपाली जाति मात्रको सहयोगले एवं श्री रामजानकी तथा श्री जलेश्वर महादेव र श्री पशुपतिनाथको कृपाले हामी सबैको सदिच्छा अवश्य पूरा हुनेछ भन्ने मलाई पूर्ण विश्वास छ, किनकि धनी गरीब सबै प्रजा सबै तरहले खुशी होऊन् भन्ने नै मेरो एक मात्र ध्येय र लक्ष्य छ एवं सदा सर्वदा देश र देशबासीकै लागि ज्यूज्यान दिन सकूं भन्ने नै मेरो परमेश्वरसँग एकमात्र पुकारा छ ।

अन्त्यमा यस जिल्लाका बासिन्दाहरूले अनेक तकलिफ सहेर पनि मलाई उनीहरूका सुख दुःखका कुराहरू बुझ्ने अवसर दिएकोमा उनीहरू सबैलाई म हार्दिक धन्यवाद दिन्छु ।

जय नेपाल ।

माघ ११ गते,

श्री ५ महाराजधिराजबाट परमानीपुरको कृषिकेन्द्रमा एक विशेष समारोहको बीच कुखुराको चल्ला काढ्ने एक केन्द्रको उद्घाटन गरिबक्सदा बक्सेको भाषण:—

महामहिम र उपस्थित महिला तथा सज्जनवृन्द,

अमेरिकी सरकार तथा जनताको हाम्रो देशलाई कृषिको क्षेत्रमा युगानुकूल समुन्नत पार्ने सद्भावानाको प्रतीक यस प्रयोगात्मक कृषिभूमिमा आई यसको निरीक्षण गर्न पाउँदा मलाई खुशी लागेको छ। मित्रराष्ट्र अमेरिकाले १० वर्षदेखि हाम्रो देशको उन्नतिको लागि विभिन्न प्रकारले मद्दत गर्दै आएको कुरा सर्वविदितै छ। शिक्षा, कृषि, खानी, यातायात आदि क्षेत्रमा हाम्रो मुलुकलाई अरू उन्नत मुलुकको दाँजोमा पुऱ्याउन अमेरिकाले खुला दिलले मद्दत गर्दै आएको छ। यसको लागि

अमेरिकी सरकार र जनताप्रति हामी बहुतै कृतज्ञ छौं र रहनेछौं ।

यस सम्बन्धमा म महामहिम राजदूत हेनरी स्टेविन्स-लाई उहाँले हाम्रो मुलूकको विकासमा देखाउनु भएको गहीरो अभिरुचीको लागि बिशेष धन्यवाद दिन चाहन्छु ।

स्वतन्त्रताको पथप्रदर्शक एवं जनआकांक्षाको सर्वोच्चता, व्यक्तिगत स्वतन्त्रता र सम्मान, कानूनी र राजनीतिक समानता, आर्थिक स्वतन्त्रता तथा समान अवसर जस्ता आदर्शहरूलाई प्रिय मात्र होइन पूज्य समेत मानिआएको देशको रूपमा हामी संयुक्तराज्य अमेरिकाप्रति प्रशंसाको भावना राख्तछौं । जबसम्म अमेरिका जस्ता समुन्नत देशहरूले हाम्रो जस्ता अनुन्नत देशहरूलाई यसरी मद्दत गर्ने स्वतन्त्र र उदार नीतिको अनुसरण गर्न छोडदैनन्, तबसम्म संसारको र सबैको भविष्य आशापूर्ण छ भन्न सकिन्छ ।

मित्र राष्ट्रहरूबाट प्राप्त कुनै प्रकारको सहायतालाई आज हामीले पनि राम्रो ढंगसँग उपयोग गर्नु परेको छ । यस प्रकारको सहायताको दुरुपयोग हुन गएमा दिने र लिने दुवैका लागि अहितकर हुनेछ । हामीले

त्यसको सदुपयोग गर्न सक्यौं भने अझै हाम्रा सबै मित्र राष्ट्रहरूबाट हर प्रकारको बढी सहायता पाउने पनि छौं । हाम्रो जस्तो कृषिप्रधान देशमा कृषि उत्पादन बढाउनमा यस प्रकारका कृषि-फामहरूको राम्ररी व्यवस्था गर्न सकेमा देशको उत्पादनमा हुने फाइदा मैले यहाँ दोहऱ्याउनु पर्ने छैन ।

अन्तमा म फेरि मित्र राष्ट्र अमेरिकाका जनता र सरकार एवं यस कृषियोजनाको सफलताको लागि काम गर्ने अमेरिकी विशेषज्ञहरूलाई धन्यवाद दिन्छु । यहाँ भेला भएका सबैलाई पनि मेरो धन्यवाद छ ।

जय नेपाल ।

माघ १२ गते,

वीरगंजमा सार्वजनिक समारोहका बीच बारा पर्सा रौतहटका जनताले चढाएका अभिनन्दन-पत्रहरूको प्रत्युत्तमा श्री ५ महाराजाधिराजबाट बक्सेको सन्देशः

उपस्थित महिला तथा सज्जनवृन्द,

धेरै बर्षपछि आज वीरगञ्जमा फेरि एक पटक आउने अवसर पाएकोमा मलाई विशेष हर्ष भएको छ, किनकि २००७ सालमा श्री ५ बुबाज्यू र जनताको सहयोग-बाट पुरानो शासनपद्धति अन्त गर्न यहाँकै जनताले पहिलो कदम चालेथे। यस जिल्लाको लागि यो गौरवको कुरा हो। तर अपशोच, जुन र जस्तो प्रजातन्त्रको लागि यस जिल्लाका र देशका अरू भागका जनताले अनेक त्याग र बलिदान गरे, दश वर्षसम्म पनि त्यसले एक भरपर्दो रूप लिन सकेन। प्रजातन्त्रको नाममा केही दलगत राजनीतिक व्यक्तिहरूको संकुचित दृष्टिकोणले

गर्दा देश र देशबासीले अनेक दुःख कष्ट भोग्नु पर्‍यो। नागरिक–नागरिकका बीच फूट र झगडा बढ्यो, प्रगतिको बाटोमा जताततै तगारो देखा पर्‍यो, देश टुक्रिने संभावना देखियो र मुलुकका प्रत्येक भागबाट निर्दोषी देशप्रेमी जनताको क्रन्दन सुनियो र विवश भै गत २०१७ साल पौष १ गते मैले अर्को ठोस कदम चाल्नु पर्‍यो। त्यसपछि सबै कुराको विचार गरी, विश्वका विभिन्न राजनीतिक सिद्धान्त र त्यस सम्बन्धी विभिन्न मुलुकका अनुभवहरूउपर मनन गरी आजको प्रगतिशील युग र हाम्रो आफ्नो संकृति, धर्म र परंपरासँग पनि मेल खाने गरी राष्ट्रिय पञ्चायतको तर्जु मा भयो। यस व्यवस्थामा गाउँ, शहर, जिल्ला, अंचलहरूका तहमा मुलुकभर पञ्चायतको चुनाव हुनेछ र आखिरमा राष्ट्रिय पञ्चायतको लागि पनि चुनाव हुने कुरा सबैले बुझेकै छन्। यसरी देशका विभिन्न क्षेत्रका दलगत र व्यक्तिगत दृष्टिकोणलाईभन्दा राष्ट्रिय दृष्टिकोणलाई अपनाउने कुशल, अनुभवी र इमान्दार व्यक्तिहरूद्वारा सर्वसाधारण जनताबाट मुलुकको प्रत्येक कार्यको सञ्चालन गरिने व्यवस्था नै हुनु पर्ने हुँदा सो गरियो। जनता आफै सजग, सचेत र सक्रिय नभै जनताको कल्याण साध्य

हुँदैन । यो प्रवल धारणा नै यस व्यवस्थाको प्राण हो, देशले अनुभव गरेको संसदीय प्रजातन्त्रमा मुट्ठीभर मान्छेले केन्द्रमा बसी मुलुकको राज्य गर्दथे, तर यस पञ्चायत व्यवस्थामा गाउँको समस्या गाउँकै मान्छेले जाने बुझेका पत्याएका मान्छेहरूद्वारा गाउँका बासिन्दाहरूसँग सर–सल्लाह गरी, शहरको समस्या शहरकै मान्छेले पत्याएका मान्छेहरूद्वारा शहरका बासिन्दाहरूसँग सर–सल्लाह गरी जिल्लाको समस्या जिल्लाकै मान्छेले र अञ्चलको समस्या अंचलकै मान्छेले जानेका पत्याएका मान्छेहरूद्वारा अञ्चलका बासिन्दाहरूसँग सर–सल्लाह गरी एवं राष्ट्रको समस्या राष्ट्रकै मान्छेहरूद्वारा सुल्झाउने व्यवस्था गरिएको छ र सबैले बुझिसकेकै पनि छन् । यही पञ्चायत व्यवस्थालाई सफल पार्न सजिलो होस् भनी राष्ट्रिय निर्देशन अफिसरहरूद्वारा विभिन्न वर्गीय संगठनहरूको आयोजना भइरहेको कुरा पनि सबैमा विदितै छ । यो युग जनताको युग हो भन्ने संझी बुझी यस कार्यमा देशभरका जनताबाट जो सहयोग भएको छ त्यसको लागि ती सबै जनतालाई मेरो विशेष धन्यवाद पनि छ । तर यसबारे अझ बढी सचेत र सक्रिय हुनु जरूरी छ, किनकि संसार अति तेजीका साथ अघि बढ्दैछ र

हामीमा अलिकति मात्र आलस्य आए पनि हामी धेरै पछि पर्ने सम्भावना छ। तसर्थ यस नयाँ व्यवस्थाको सफलतामा पनि यस वीरगञ्जले प्राथमिकता प्राप्त गर्न सक्नेछ भन्ने मलाई पूरा विश्वास छ।

हाम्रो सामू यातायातको कत्तिको आवश्यकता छ सो मैले भनिरहनु पर्ने होइन। तसर्थ अब बन्न लागेको पूर्व-पश्चिम बाटो योजना हामीहरूको सामू आएको छ र यसमा पनि यस जिल्लाका विभिन्न वर्गका देश-बासीहरूले धन-जन, बुद्धि-वर्कतले भेट्टाएसम्म मद्दत गर्नेछन् भन्ने पनि मलाई पूर्ण विश्वास छ।

देशको इज्जत राख्न यसरी जनता ज्यू-ज्यान दिन जुटेको बेलामा देशकै अन्न-पानीले हुर्केका केही अबूझ व्यक्तिहरूले व्यक्तिगत रीस-राग र अन्धस्वार्थानुकरणको वशमा परी देशकै नाममा धब्बा लगाउन र आमाको ऋण चुकाउन खोज्नुको सट्टा आमालाई नै बेची आफ्नो शक्ति पिपासालाई तृप्त पार्न खोजेको देख्दा कुन स्वाभिमानी नेपालीलाई शरम नलाग्ला। तर यसमा देशभक्त वीर नेपालीहरूले हडबडाउने कुनै कारण छैन। देशको शत्रुहरू जोसुकै होउन् स्वदेशी होउन् या विदेशी होउन्, हामी सबै एक भई एक करोड

नेपालीको सहयोगले तिनीहरूलाई तहस-नहस पारी छोड्ने छौं भन्ने मलाई सदैव दृढ विश्वास छ।

५-६ दिनअघि मात्र नेपालको एउटा ईंट वा एक मुट्ठी माटोको नोक्सान हुनु नेपाल र नेपालीको सार्वजनिक नोक्सान हुनु हो, यो कसैको व्यक्तिगत नोक्सान मात्र होइन भनेकै हुँ, तर अस्ति ९ गते जनकपुरमा जुन विस्फोटन पदार्थ प्रयोग गर्ने दुस्प्रयास भयो, हिजो अस्ति मात्र यसै जिल्लामा पनि ध्वंसात्मक पदार्थसहित जो दुइ-चारजना पक्राउ भए त्यो ता अब नेपालीको ज्यानमा पनि कुचेष्टा हुनुको हद भया—यसरी विदेशमा बसेर नेपाल र नेपालीमा क्षति पुऱ्याउनु, कसैको जिन्दगीमा दावा गर्नु, शान्तिप्रिय नेपालीको दैनिक जीवनमा धक्का पुऱ्याउनु, अब योभन्दा ठूलो अपराध कुनै हुन सक्तैन भन्न हामीले बाँकी राख्नु पर्दैन र यस सिलसिलामा पक्राउ भएका व्यक्ति र वस्तुबाट जुन प्रकारका कुरा थाहा भएका छन्, यसबाट हाम्रा मित्र को हुन् को होइनन् भन्नेबारे अझ सतर्कतासाथ सोच्नु पर्ने कुरा अब अझै सतर्कतासाथ एक करोड नेपालीले बुझुन्, सोचून् र चिनेर मात्र त्यस्ता देशघातक तत्वको स्वयम् निर्मूल गरून्। यही समय अब हाम्रो अगाडि आएको छ। यसरी नै हामी सबैले आफ्नो देश बचाउन सक्ने

छौं, यही मेरो सबै नेपालीमा फेरि अनुरोध छ। यसै सम्बन्धमा अस्तिको देशघातीहरूको दुस्प्रयास विफल भएकोमा देशभरका विभिन्न ठाउँमा सरकारी तथा गैर सरकारी जनताबाट विशेष हर्ष प्रकट गरी पठाएका खबरहरू प्राप्त भएकोमा यसै वक्तव्यद्वारा म सबैलाई हार्दिक धन्यवाद पनि दिन्छु। यसबाट देशको सेवामा जिउ-ज्यान दिन मलाई अझ बढी प्रेरणा मिलेको छ भन्न पाउँदा पनि मलाई खुशी लागेको छ। किनकि जब म देश र जनताको हित नै एक मात्र पुण्य कर्म हो भन्ने निधो गरी, देश भरका जनताको सहयोगले यो हाम्रो सुन्दर देश नेपाललाई बनाई नै छोड्छु भनी मैदानमा उत्रिसकेको छु भने मैले फेरि पछि हट्नु छैन, न खालि नेतृत्व हत्याउ वा भए नभएको कुरा गरी जनतामा भ्रम पारी भोट हत्याउँ भन्ने नै मेरो स्वार्थ छ। यदि एक करोड जनता कसैमा ममाथि विश्वास छैन, मेरो निर्देशन गलत छ, यो व्यवस्था हामी सबैको लागि अहितकर छ भन्ने लागेको छ भने निसंकोच खुला दिलले भन, आऊ, मिलिजुली छलफल गरौं, म तयार छु, नत्र भने बितेका दिनहरू हाम्रा सामु छन्, दश वर्षको अनुभव हाम्रै अगाडि छ, आजसम्म प्रत्येक

नेपालीको सदिच्छाले मलाई कुनै कुरामा दाँत गाड्नु परेको छैन । म यो मेचीदेखि महाकालीसम्मका नेपाली-छेउ भन्न चाहन्छु, हाम्रो देशमा भएका प्रत्येक व्यक्ति हाम्रो सामुन्ने छन्, सबैलाई सबैले चिनिसकेकै छन्, म कसलाई यो देश रक्षाको कार्य सुम्पूं । यदि त्यसो होइन, यही व्यवस्था ठीक छ, हामी यही माध्यमद्वारा अघि बढ्न समर्थ हुन्छौं भन्ने नै छ भने गत वर्ष पौष १ गते भर मुलुकका देशभक्त नेपालीले स्वीकारे अनुसार अब आलस्य त्याग, इमान्दार बन, अघि बढ, देश हामी सबैको हो, यो कसैको पेवा होइन, मिलिजुली देश सपार, देश बचाऊ, आफ–आफ्नो ठाउँको रक्षा गर्ने भार देश सम्झेर आफ–आफैले लेऊ । यसरी नै हामीले देश-घातकहरूलाई चकनाचूर पार्नु परेको छ, यही नै मेरो सबैमा जोडदार अनुरोध पनि छ र हाम्रो वीर शाही सेना तथा पुलिस फौज देश र जनताकै रक्षाको लागि सदैव तत्पर छन्, तयार छन् ।

विदेशमा बसी आफ्नो देशको अहित चाहने देशघाती तत्वहरूले शान्तिप्रिय नेपालीको शान्तिपूर्ण दैनिक जीवनमा नेपालीको ज्यू–धनमा र देशको हितलाई मात्र मिथ्या वचन र ध्वंसात्मक कार्यमा संलग्न भई घोर अपराध

गरेका छैनन् कि त्यसमा थप, यी तत्वहरूले हाम्रा मित्रराष्ट्र भारत जुन देशसंग हाम्रो भौगोलिक स्थितिले मात्र होइन, अन्य परिस्थिति, परम्परा इत्यादि कुराले जोडिएको मित्राताका गाँठो छ त्यसमा पनि खुकुलोपन ल्याउने कुचेष्टा गर्न पनि बाँकी राखेनन् । तसर्थ परम्परागत मित्रत.को ख्याल राखी यस कुरामा मित्रराष्ट्र भारतले पनि समयमै अवश्य ध्यान दिनेछ, यसमा पनि मलाई पूर्ण विश्वास छ ।

म फेरि प्रष्ट शब्दमा भन्न चाहन्छु कि कुनै हालतमा पनि देश र जनताको दुर्दशा र अधोगति हेर्न सक्तिन, जेसुकै भए पनि यस्ता देशघातक तत्वहरूले नेपाल बिगारेर, बिगार्ने चेष्टा गरेर अब हाम्रो आर्थिक क्रान्ति र देश विकास कुनै हालतमा रोकिने छैन । एक करोड जनता देशहितको लागि जुटिसकेकै छन् । कोही नभएर हाम्रो देशको विविध प्रगति रोकिने छैन। यो एक करोड जनताको सच्चा निश्चय हो, समयको माग हो । यस्ता देशघाती तत्वहरू एक एक गरी थिचिइने छन्, मिचिइने छन्—यो सरकारको दृढ निश्चय हो—यो देश भक्त नेपालीको दृढ संकल्प हो, यसमा फरक पर्दैन ।

२०१७ साल पौष १ गतेपछि देशभरका जनताले

जुटेर देश विकासतर्फ लम्कंदै बढ्दो अनुभव गरेको र तेजीका साथ लम्कन लागेको देख्दा सुन्दा म हाम्रो भविष्यबारे धेरै र झन् झन् आशान्वित भएको छु।

अन्तमा आज यस पटकको स्वदेश भ्रमणको पनि अन्त गर्दै वीरगञ्ज निवासीहरूसंग यस्तो सम्बन्ध र सम्पर्क बढाउने अवसर मिलेकोमा म यहाँ भेला भएका र यस सभाका आयोजकहरू सबैलाई धन्यवाद दिन्छु।

जय नेपाल।

माघ २० गते,

श्री ५ महाराजाधिराज सरकारबाट मौसूफको सम्मानमा सदर टुंडिखेलमा आयोजित नागरिक अभिनन्दन समारोहमा नेपाली नागरिकहरूका तर्फबाट मौसूफका हजूरमा चढाएको अभिनन्दन—पत्रको प्रत्युत्तरमा बक्सेको शब्द सः।

उपस्थित महिला तथा सज्जनवृन्द,

गत ६ गते जनकपुरमा भएको घटनापछि मैले यस पालीको स्वदेश भ्रमणको सिलसिलामा पटक पटक गरी भन्नु पर्ने कुराहरु सबै भनिसकेकै छु। मनुष्य जीवन नै एउटा घटनापूर्ण वस्तु हो र सबैको जिन्दगीमै अनेक घटनाहरु घट्दछन् पनि। मैले पनि जब देश र जनताको हित गर्छु भन्ने अठोट गरेर मैदानमा उत्रेंकै छु भने

त्यस्तो अवसरमा आफ्ना स्वार्थमा धक्का पुगेका आफूले पनि नगर्ने अर्काले कसैको हित चिताएको पनि सहन नसक्ने र आफ्नो देश बिर्सेर आफ्नो देश र देश–बासीको अहित चिताउने जस्तो देशद्रोही अराष्ट्रिय तत्वहरू-बाट यस्ता नानाथरी कुप्रयास हुनु कुनै अचम्मको कुरा जस्तो लाग्दैन ।

आज हामी एक करोड नेपालीले कुनै सानातिना उल्झनामा अल्झेर अल्मलिनुको सट्टा आफ्नो अठोट राष्ट्रिय लक्ष्यलाई संधै सामुन्ने राखेर इमान्दारीसाथ नैतिकता र देशको सुधार गर्नु परेको छ र यसरी नै हामी सबै क्रमशः बढ्न लागेको अवस्थामा यस्ता देशघातक तत्वहरूले यसरी हरतरहले बाधा हाल्ने र देशभक्त नेपालीको शान्ति-पूर्ण जीवनमा खलल मात्र पार्ने घृणित कुचेष्टा गरेनन्, उता नेपाल र भारतको बीच रहिआएको परम्परागत मैत्री सम्बन्ध पनि धमिल्याउने कुचेष्टा भारतमै टेकेर गर्दछन् भने मलाई मात्र होइन, कुन सच्चा नेपालीलाई शरम नलाग्ला कि आज दुनियाँले नेपालका हिजो-सम्मका नेता भनिएका व्यक्तिहरु ता यस्ता गुण्डा, फटाहा र लफङ्गा रहेछन् भनेर जब हाँस्दछन् । म व्यक्तिगत भनूं भने मलाई यस्ता घटनाको कुनै परवाह छैन,

बरु यसबाट झन् दृढ भएर देश र जनताको हितलाई मात्र आफ्नो राष्ट्रिय लक्ष्य मानेर अघि बढ्न मलाई बढी उत्साह र प्रेरणा मिलेको छ र त्यस्तै आज प्रत्येक नेपालीले पनि को राष्ट्रहितैषी हुन् र को देशघातक हुन् छर्लङ्गसंग चिन्ने मौका पाए, र चिनेर औंल्याए,। यसैमा म सबै नेपालीप्रति आभारी छु र देशभक्त नेपाली मात्रको विवेकको सराहना गर्दछु।

तसर्थ जबसम्म श्री पशुपतिनाथको कृपा, एक करोड नेपालीको सहयोग र सहानुभूति पाउने छु, तबसम्म म यस्ता तत्वहरूको कुनै कुप्रयासले विचलित हुन्न र यस्ता तत्वहरू निर्मूल पारेर देशलाई प्रगतिपथमा बढाउन श्री ५ को सरकार सदैव कटिबद्ध रहनेछ। किनकि देशको बल देशबासी नै हुन् र जब देशबासीहरूको यसरी एकता र राष्ट्रियताप्रति प्रेम र श्रद्धा बढ्दछ त्यो देश सम्पन्न छ, त्यो देशको भविष्य उज्ज्वल हुन्छ, यो सफलसूचक हो, यसरी नै हामी आफ्नो खुट्टामा उभिनेछौं, यसरी नै हामी सबैको देश बनाउने कर्तव्य हुनु पर्दछ।

अन्तमा एक पल्ट फेरि राजधानीका, देशका विभिन्न भागका र प्रवासी नेपाली मात्र र विदेशी मित्र महानुभावले

समेत दर्शाएका सहयोग, सहानुभूति र सद्भावनाको निमित्त सबैलाई सहर्ष हार्दिक धन्यवाद व्यक्त गर्न पाउँदा अत्यन्त हर्षमा छु र आजको यस समारोहसम्बन्धी सबैलाई पनि मेरो हार्दिक धन्यवाद छ । नेपालको निर्माण काम अब कसैले रोकेर रोकिंदैन । जनभावना यसको साक्षी छ ।

श्री परमेश्वरको अनुग्रहले हामी नेपाली सबैमा यस्तै देशभक्ति, एकता र राष्ट्रियतालाई चिनेर अंगाल्ने शक्ति र सद्बुद्धि उत्तरोत्तर बढोस्, यही नै मेरो नेपाली सबैमा आन्तरिक कामना छ ।

जय नेपाल ।

696
LIBRARY
KTM NEPAL

२०१८, फागुन
पहिलो पटक, १०,०००

मुद्रक—
मु० ऋद्धिबहादुर मल्ल,
जोरगणेश प्रेस.

RS 100